# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३२९ काठमाडौं बिहीबार, १५ चैत २०८० Prabhab National Daily Thursday, March 28, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

# सहकारी प्रकरणमा गृहमन्त्री लामिछानेलाई एमालेको 'सुनपानी'

सहकारीको विषय त सहकारी समितिले उठाउँछ । जतातत‌ै पसेर जे पनि गर्ने हो यो समितिले ? कार्यक्षेत्र मिचेर बैठक किन बोलाइयो ?

**पृथ्वीसुब्बा गुरुङ**
**एमाले सांसद**

रवि लामिछाने भन्ने व्यक्तिको नाममा १ करोड आएको भन्ने छ । वर्तमान गृहमन्त्री हो कि होइन ? हो भने छानबिन शुरू गर्ने र छानबिन नसकेसम्म म जिम्मेवारीबाट बाहिरिन्छु भने राम्रो

**दिलेन्द्र बडू**
**कांग्रेस सांसद**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने पोखराको सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अपचलन गरेको विषयमा आरोपित छन् । यसैबारेमा अनुसन्धानको माग गर्दै कांग्रेसले सदन अवरोध गर्दै आएको छ ।

गृहमन्त्री सदनमा पेश गर्नुपर्ने विधेयकसमेत कांग्रेसले रोकिदिएको छ । उनै गृहमन्त्री लामिछानेलाई बुधबार कांग्रेस नेता रामहरि खतिवडा सभापति रहेको राज्य व्यवस्था तथा सुशासन समितिले छलफलमा बोलायो । केही दिनअघि खतिवडाले सूर्यदर्शन सहकारी पीडित संघर्ष समितिको निवेदनसमेत बुझेका थिए । यसैबारेमा छलफल स्पष्टीकरण सोध्ने उद्देश्यसहित खतिवडाले बुधबार एजेन्डा नै नतोकी बैठक बोलाए । सदनमा गृहमन्त्री नस्विकारेको कांग्रेसले समितिमा निम्तो दिएपछि खुसीसाथ समयमै उपस्थिति भए लामिछाने ।

गृहमन्त्रालयका सचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक बसन्त कुवँर र आफ्नो सचिवालयका डफ्फा नै लिएर लामिछाने समितिको बैठकमा उपस्थिति भए । पोखराको सूर्यदर्शन सहकारीका बचतकर्ता रकम अपचलन गरेर सञ्चालक जीबी राई फरार छन् । जीबीसँगै गृहमन्त्री लामिछानेले पनि एक करोड हिनामिना गरेको आरोप लागेको विषयमा छलफल गर्न समितिमा बोलाइएको थियो ।

तर सत्तापक्ष एमाले गृहमन्त्रीको बचाउमा उत्रिएपछि समिति जवाफहीन बनेको छ । एमाले सांसद पृथ्वीसुब्बा गुरुङ र कृष्णगोपाल श्रेष्ठले सहकारीका विषय समितिमै नपर्ने भन्दै अडान लिएपछि सभापति खतिवडा लचक बन्नुपर्ने अवस्था सिर्जना भयो । गुरुङले समितिले क्षेत्राधिकार नै मिचेको आरोप लागाए । 'बैठक राख्ने जुन तरिका छ यसमा मेरो गम्भीर आपत्ति छ,' गुरुङले प्रश्न गरे, 'जतातत‌ै पसेर जे पनि गर्ने हो यो समितिले ? कार्यक्षेत्र मिचेर किन बोलाइयो बैठक ?'

(क्रमशः पृष्ठ २ मा)

## दुर्गा प्रसाईंमाथि भने आक्रामक

समितिको बैठकमा एमाले नेताहरू दुर्गा प्रसाईंमाथि भने आक्रामक सुनिए । एमाले सांसद रघुजी पन्तले प्रसाईंले हतियारको लाइसेन्सबारे प्रश्न । 'त्यस्तो हतियार राख्न कसरी दिइयो । संसारका विभिन्न मुलुकमा ठुला हत्याकाण्ड भएको अवस्थालाई विचार गर्नुपर्छ । त्यसैले त्यस्तो हतियार दिने व्यवस्थामा पुनर्विचार आवश्यक छ,' पन्तले भने ।

पूर्व रक्षामन्त्री एवं एमाले सांसद श्रेष्ठले त्यस्तो हतियार राख्नै नपाउने तर्क गर्दै गृहमन्त्रीको जवाफ मागे । 'के प्रसाईंलाई त्यो तहको हतियार चाहिन्छ ?' श्रेष्ठले भने, 'लाइसेन्स प्राप्त रे ? लाज पनि छैन ।' गत चैत ५ गते सर्वोच्च अदालत परिसरबाट प्रसाईंका अंगरक्षकहरू दीपक खड्का र रामकुमार धिमाल स्वचालित बन्दुक र सय राउन्ड गोलीसहित पक्राउ परेका थिए ।

(क्रमशः पृष्ठ ३ मा)

# इलाम-२ मा एक्लाएक्लै भिड्दै दलहरु

- उपनिर्वाचन दलहरूको प्रतिष्ठा
- एमाले, पहिचान पक्षधर र स्वतन्त्र उम्मेदवार मतदाताको घरघरमा
- कांग्रेस, माओवादी, रास्वपा र राप्रपाको लागेन उम्मेदवार टुंगो





■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको राजनीतिलाई यतिबेला इलाम-२ मा हुने उपनिर्वाचनले तताएको छ । उपनिर्वाचन हुने भनेको आगामी १५ वैशाखमा हो । इलाम-२ मा हुने उपनिर्वाचनलाई दलहरूले प्रतिष्ठाको विषय नै बनाइसकेका छन् । त्यही भएर चुनाव जसरी पनि जित्न दलहरूले कमान्डरहरू खटाएका छन् । चुनावी माहोल बनाइरहेका छन् । जनतासँग प्रत्यक्ष भेटघाट गर्नेदेखि जिल्लास्थित पार्टीका नेता कार्यकर्तालाई परिचालन गर्ने काम भइरहेको छ । केही दलबाट उम्मेदवार तय भइसक्दा केहीको बाँकी छ ।

बाँकी भएको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हो । कांग्रेसले छिट्टै उम्मेदवार टुंगो लगाउने भएको छ । बुधबार मात्रै पार्टी सभापति शेरबहादुर देउवाले उम्मेदवारका रूपमा सिफारिस भएका नेताहरूसँग भेटघाट गरेका छन् । त्यस क्रममा देउवाले एक जना उम्मेदवार बन्नेगरी मिलेर आउन सुझाएको आकांक्षीमध्येका रमेश लिङ्देनले बताए ।

'पार्टीको तल्ला समितिबाट जतिलाई सिफारिस गऱ्यो, सबैलाई त उम्मेदवार बनाउने कुरा भएन', देउवाको भनाइ उद्धृत गर्दै लिङ्देनले प्रभावसँग भने, 'त्यसले गर्दा तपाईंहरू मिलेर आउनुहोस् । यसपटक जित्नुपर्छ ।'

कांग्रेसबाट उम्मेदवार हुनका लागि भेषराज आचार्य, डम्बर खड्का, रमेश लिङ्देन, केशव थापा, नागेन्द्र कुमाल, चन्द्रकला राई तामाङ र चन्द्रमाया लिम्बू सिफारिस भएका छन् । त्यसमध्ये चन्द्रकला र चन्द्रमायाबाहेक सबै जना देउवाकहाँ पुगेका थिए ।

सभापति देउवा यसपटक चुनावी नजिता कांग्रेसको पक्षमा पार्न चाहन्छन् । त्यसका लागि महामन्त्री विश्वप्रकाश शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेलाई इलाम-२ का जनताको मनोभावना, मतदाताको रोजाइमा पर्ने कांग्रेस नेता आदिबारे रिपोर्ट तयार गरेर बुझाउने जिम्मा दिएका छन् । रिपोर्ट तयार भइसकेको छैन ।

अघिल्लो पटक त्यहाँ उम्मेदवारका रूपमा सिफारिस भएकामध्येका खड्का एमालेका सुवासचन्द्र नेम्बाङसँग ११४ मतले हारेका थिए । उनै खड्का कि अरु कसैलाई कांग्रेसले उम्मेदवार बनाउलान् ? यसै भन्न सकिने अवस्था छैन । आदिवासी जनजाति बाहुल्य क्षेत्र भएका कारण आदिवासी नेतालाई अवसर पनि दिन सक्छन् ।

सत्ता नेतृत्व दल माओवादीले केन्द्रीय सदस्य धीरेन्द्र शर्मा, प्रदेश सचिवालय सदस्य उर्मिला तामाङ, प्रदेश सदस्य ओम गुरुङ र अनिल बराइलीलाई सिफारिस गरिसकेको छ । बुधबार माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले उपनिर्वाचनमा माओवादीले उम्मेदवार उठाउने बताए । तर, को उम्मेदवार भन्ने टुंगो लाग्न बाँकी रहेको जानकारी दिए ।

धिरेनलाई माओवादीको सम्भावित उम्मेदवारको रूपमा हेरिएको छ । यसअघि उनी तत्कालीन प्रदेश नम्बर १ संसदको सदस्य थिए । तर, माओवादी सत्ता गठबन्धनमा रहेको दल हुनाले एमालेसँग चुनावी गठबन्धन पनि कायम गर्न सक्ने सम्भावना छ । फेरि, एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाललाई इलाम २ मा हुने उपनिर्वाचनमा सहकार्यको प्रस्ताव गरिसकेका छन् । दाहालको भने आफ्नै उम्मेदवार उठाउने तयारी छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# नेपालीलाई रूस जान श्रम स्वीकृति छैन : श्रममन्त्री अर्याल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले हाल कुनै पनि नेपालीलाई व्यक्तिगत रूपमा रुस जान श्रम स्वीकृतिको व्यवस्था नरहेको स्पष्ट पारेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बुधबार राजधानीमा आयोजना गरेको 'काठमाडौंको आँखामा कर्णाली' विषयक कार्यक्रम अर्यालले हाल रुस जान व्यक्तिगत श्रम स्वीकृतको व्यवस्था बन्द नै रहेको र खुला नगरिएको स्पष्ट पारेका हुन् ।

मन्त्री अर्यालले वैदेशिक रोजगार व्यवसायीले रुसमा युद्धग्रस्त क्षेत्र होइन भन्ने स्पष्ट पारेको र जोखिम छैन भन्ने मागलाई स्वीकृत दिने अघिल्लो मन्त्रीको पालामा भएको निर्णयका सन्दर्भमा आफूहरू पुनःमूल्यांकनका लागि अध्ययनका क्रममा रहेको जानकारी गराए । सरकार अविछिन्न उत्तराधिकारी हुने र निरन्तर चलिरहने विषयका सन्दर्भमा भने आफू सजग रहेको उनले बताए । मन्त्री अर्यालले श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकको उद्धारका हकमा आफ्नो मन्त्रालयले जिम्मेवार हुने र श्रम स्वीकृति नलिई गएका नागरिकको हकमा परराष्ट्र मन्त्रालयले समन्वय गर्नुपर्ने बताए ।

यद्यपि वैदेशिक रोजगार विभागले भने रुस जान चाहने नेपालीलाई व्यक्तिगत श्रम स्वीकृतिमा बन्देज रहे पनि संस्थागत (म्यानपावरमार्फत) रूपमा जाने र पुनः श्रम स्वीकृति लिनेलाई खुला नै रहेको जनाएको छ ।



सरकारले रूसमा पुगेर नेपालीहरु रूसी सेनामा भर्ना भइरहेको भन्दै गत पुस १९ गते रूस र युक्रेन लागि दिइने सबैखाले श्रम स्वीकृति अनिश्चितकालका लागि रोकेको थियो । झण्डै दुई महिना पछाडि फागुन दोस्रो हप्ताबाट पुनः श्रमस्वीकृति र संस्थागत श्रम स्वीकृति दिन थालिएको विभागले बताएको छ ।

सरकारले रुसमा पुगेर नेपालीहरू रुसी सेनामा भर्ना भइरहेको भन्दै गत पुस १९ गते रुस र युक्रेन लागि दिइने सबैखाले श्रम स्वीकृति अनिश्चितकालका लागि रोकेको थियो । तर त्यसको झण्डै दुई महिना पछाडि अर्थात् फागुन दोस्रो हप्ताबाट पुनः श्रमस्वीकृति र संस्थागत श्रम स्वीकृति दिन थालिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए ।

'रुसमा व्यापार व्यवसाय र श्रम गरिरहेका थुप्रै अप्रवासी नेपालीहरू समस्यामा परेका कारण पुनः श्रम स्वीकृति खोल्नुपर्ने अवस्था देखिएको हुँदा यसअघिकै मन्त्रीज्यू (शरत सिंह भण्डारी)ले निर्णय गरेअनुसार नै पुनः श्रम स्वीकृति दिने गरिएको हो,' महानिर्देशक घिमिरेले भने, 'यस्तै संस्थागत श्रम स्वीकृतिको लागि एउटा म्यानपावरले माग गरेको थियो, त्यसलाई पनि दिने निर्णय भयो, सोही अधारमा डिमान्ड ल्याउने सबै म्यानपावरलाई संस्थागत श्रम स्वीकृति दिनुपर्छ भनेरै खुला गरिएको हो ।' संस्थागत र पुनः श्रम स्वीकृति लिनेहरू जुन प्रयोजनका लागि गएका हुन् त्यसैमा आबद्ध भएको पाइएको भन्दै महानिर्देशक घिमिरेले व्यक्तिगत रूपमा जान खोज्नेका लागि भरपर्दो अधार नदेखिएका कारण अझै व्यक्तिगत श्रम स्वीकृतिमा बन्देज कायमै रहेको बताए ।

## युरोपेली मुलुक पठाइदिने भन्दै ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि युरोपेली मुलुक क्रोएसिया र पोर्चुगल पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा प्रहरीले दुई जना पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका-२ घर भई काठमाडौं कागेश्वरी मनोहरा बस्ने मिङमार लामा र लमजुङ मध्यनेपाल नगरपालिका- ५ घर भई ललितपुर मगरगाउँ बस्ने प्रकाश बंशी ठकुरी रहेका छन् ।

पक्राउ परेका लामाले आकर्षक तलब हुने प्रलोभनमा पारी क्रोएसिया पठाइदिने भन्दै अमान बम्जनसँग तीन लाख रूपैयाँ लिएर ठगी गरेको बताइएको छ । उनले क्रोएसियाको प्रतिष्ठित कम्पनीमा काम मिलाइदिने भन्दै बम्जनसँग पटकपटक गरी उक्त रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । लामालाई खोजतलासका क्रममा काठमाडौं बौद्धबाट पक्राउ गरिएको हो ।

त्यसैगरी पक्राउ परेका अर्का व्यक्ति ठकुरीले पोर्चुगल पठाइदिने भन्दै ११ लाख २७ हजार रूपैयाँ ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनले विशाल चौहानसमेत तीन जनालाई पोर्चुगलमा आकर्षक तलवसहित प्रतिष्ठित कम्पनीमा काम लगाइदिने प्रलोभन देखाएर ठगी गरेको बताइएको छ । ठकुरीलाई काठमाडौं बालुवाटारबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पिडितबाट रकम लिएर सम्पर्कविहीन भएका उनीहरूलाई वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिए ।



पृष्ठ १ बाट क्रमशः

### सहकारी प्रकरणमा...

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछाने अहिले एमालेसँगै सत्ता गठबन्धनमा सहभागी छ । फागुन २० गते एकाएक प्रमुख प्रतिपक्षी बन्न पुगेको नेपाली कांग्रेसले सहकारी प्रकरणमा संलग्न भन्दै गृहमन्त्री लामिछानेको राजीनामा मागेको छ । कांग्रेसले संसदमा छानबिन समितिकोसमेत माग गरेको अवस्थामा एमाले भने लामिछानेको बचाउमा उत्रिएको हो ।

सुशासन समितिले सहकारीको विषयमा बहस नै गर्न नपाउने तर्क गुरुङले अघि सारे । 'यो त सहकारी समितिले उठाउँछ । सहकारी र लघुवित्त गृहमन्त्रालयसँग सम्बन्धित हैन,' गुरुङले भने । गृहमन्त्रीसँग सल्लाह गरेरै आफूले बैठक बोलाएको भन्दै सभापति खतिवडाले गुरुङलाई मनाउने प्रयास बैठकमा गरेका थिए ।

गुरुङअघि नेपाली कांग्रेसका सांसद दिलेन्द्र बडूले सहकारी ठगी प्रकरणमा संलग्नताबारे लामिछानेमाथि प्रश्न गरेका थिए । 'ग्यालेक्सी टिभीमा १० करोड लगानी भएको कुरा छ,' बडूले भने, 'रवि लामिछाने भन्ने व्यक्तिको नाममा १ करोड आएको भन्ने छ । वर्तमान गृहमन्त्री हो कि होइन । हो भने छानबिन शुरु गर्ने र छानबिन नसकेसम्म म जिम्मेवारीबाट बाहिरिन्छु भने राम्रो हुन्थ्यो भन्ने हाम्रो अपेक्षा हो ।'

बडूबाहेक कांग्रेस सांसदहरूले सहकारी प्रकरणमा गृहमन्त्री लामिछानेलाई प्रश्न गरेनन् । संसदमा लामिछानेविरुद्ध चर्को रूपमा प्रस्तुत हुने कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा समितिमा गयल थिए । कांग्रेसका धेरैजसो अरु सांसद पनि समितिमा उपस्थित थिएनन् । एमालेका अर्का सांसद श्रेष्ठले समितिको निष्कर्षबिना गृहमन्त्रीलाई कुनै निर्देशन दिन नपाउने अडी कसे । 'सभापतिज्युलाई सतर्क गराए मैले । यो बैठक सकिनसाथ गोजीबाट चिर्कटो निकालेर गृहमन्त्रीलाई यस्तो निर्देशन दिएको छ भन्यो भने हामी मान्दैनौ,' श्रेष्ठले भने । श्रेष्ठले एजेन्डाबिनै बैठक बोलाउँदा समितिको बैठक नै कमजोर भएको तर्क गरे ।

सांसदहरूलाई समितिका एमाले सांसदहरूलेमात्र हैन गृहसचिव एकनारायण अर्याललेसमेत सहकारीको विषय गृहको नभएको पाठ पढाउँदै गृहमन्त्री लामिछानेको पक्ष लिए । त्यसैगरी प्रहरी महानिरीक्षक वसन्त कुवँरले पनि तथ्य प्रमाणका आधारमा रवि लामिछाने दोषी नभएको तर्क पेश गरे । 'तथ्य प्रमाणका आधारमा रवि लामिछाने दोषी छैनन् । ठाडो उजुरीको भरमा कारबाही गर्न मिल्दैन,' कुवँरले लामिछानेको बचाउ गर्दै भने ।

त्यसपछि अन्तिममा जवाफ दिने पालो लामिछानेको थियो । आफूमाथि लागेको आरोपमा एमालेका सांसदहरूको दरो साथ, गृहसचिव र आइजीको साथले लामिछाने निर्धक्क देखिए । त्यसपछि लामिछानेले सूर्यदर्शनसँग आफ्नो कुनै लेनादेना नभएको तर्क पेश गरे । 'मेरो नामबाहेक केही छैन । केवाइसी भरेको देखिन्छ । तर मेरो हस्ताक्षर छैन । ल्याप्चे पनि छैन । अदालतमा परेको मुद्दामा मेरो नाम छैन,' लामिछानेले भने ।

समितिमा सहकारीबारे आफूलाई पासोमा पार्न खोजिए पनि सांसदहरूबीच नै वादविवाद भएपछि सभापति खतिवडालाई उनले पाठसमेत पढाए । 'समाचारमा आएको भरमा फ्याक्ट चेक नगरी कुनै विषय सदन र समितिमा बहसमा ल्याउन भएन,' गृहमन्त्री लामिछानेले भने । त्यसपछि लचक बनेका समितिका सभापति खतिवडाले न त बैठकको कुनै निर्णय गर्न सकेन न त गृहमन्त्रीलाई कुनै निर्देशन दिन नै ।

पोखराको सुर्यदर्शन सहकारी पीडितहरूले गत माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा लामिछानेसहित १८ जनाविरुद्ध पुरक जाहेर दिएका थिए । उक्त जाहेरीको पहिलो नम्बरमा लामिछानेको नाम छ ।

●●●

### इलाम-२ मा...

सत्ता गठबन्धनमै रहेको दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उम्मेदवार टुंगो लगाउने तयारी गरेको छ । त्यसका लागि प्राइमरी इलेक्सनको नतिजा बुधबार सार्वजनिक गरेको छ । उक्त नजिताका आधारमा रास्वपाले पहिलो नम्बरमा गोकुलबहादुर राईको नाम सिफारिस गरेको छ । दोस्रो नम्बरमा जमुना शर्मा, तेस्रो नम्बरमा महेन्द्रकुमार थापा, चौथो नम्बरमा मानबहादुर घिमिरे, पाँचौ नम्बरमा मिलन लिम्बू र छैटौं नम्बरमा डा. शेषरमण न्यौपानेको नाम सिफारिस गरेको हो ।

स्रोत अनुसार भने रास्वपा सभापति रवि लामिछानेले उनका पूर्वसहकर्मीसमेत रहेका मिलन लिम्बूलाई उम्मेदवार बनाउन चाहेका छन् । तर, हालसम्म उम्मेदवारको छिनोफानो भएको छैन । हिन्दुवादी दल राप्रपाले त्यहाँ लक्ष्मी गुरुङलाई उम्मेदवार बनाउने सम्भावना छ । अध्यक्ष राजेन्द्र लिङ्देनले भाइ रवीन्द्र लिङ्देनलाई राम्रा छविका नेतालाई उम्मेदवारका रूपमा सिफारिस गर्ने कार्याधिकार दिएका छन् ।

#### चुनावी मैदानमा यी उम्मेदवार

देशकै ठूलो कम्युनिस्ट पार्टी नेकपा एमालेले इलाम-२ मा युवा कानुनवेत्ता सुहाङ नेम्बाङलाई उम्मेदवार बनाएर पठाइसकेको छ । उनी बुधबार चुनाव क्षेत्रमा पुगेका छन् । संविधानसभा अध्यक्षसमेत रहेका एमाले प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङका छोरा हुन्, सुहाङ । बुबाको गत २५ भदौमा निधन भएपछि एमाले अध्यक्ष ओलीले सुहाङलाई अवसर दिएका हुन् । पहिचान पक्षधरबाट त्यहाँ पूर्वएमाले नेता डकेन्द्रसिंह थेगिम उम्मेदवार छन् । उनी त भोट माग्दै गाउँगाउँ घुमिरहेका छन् । उनलाई राष्ट्रिय जनमुक्ति र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको समर्थन छ । पूर्वपत्रकार मिलन लिम्बू पनि चुनावी प्रचारप्रसारमै व्यस्त भइसकेका छन् । उनी हालसम्म स्वतन्त्र उम्मेदवार हुन् । तर, रवि लामिछाने नेतृत्वको रास्वपाबाट उनी उम्मेदवार बन्ने सम्भावना अधिक छ ।

#### माङ्सेबुङ राजनीतिक कि धार्मिक ?

किरात धर्मावलम्बीहरूको पवित्र धार्मिकस्थल भनेकै इलामको माङ्सेबुङ हो । अर्थात् त्यहाँको लारुम्बा हो । जहाँ किरात धर्मगुरु आत्मनन्द लिङ्देन छन् । यतिबेला भने उनै लिङ्देन, किरात धर्मका गुरु मात्रै होइनन्, उनी त राजनीतिक शक्तिकेन्द्रजस्तै बनेका छन् ।

पछिल्ला चुनावहरूमा उम्मेदवारहरू उनलाई भेट्ने र भोट दिन लगाउने गर्छन् । लिङ्देनलाई मनाउन सके किरात धर्मावलम्बीहरूको मत आउने आशा उम्मेदवारहरूसँग हुन्छ । के कम्युनिस्ट के कांग्रेस यी सबै दलका उम्मेदवारहरू मत माग्न जाने गरेका छन् । किनभने उनले माङसेबुङसँगै इलाम-२ मा मात्रै कम्तीमा १० हजार मत होल्ड गर्ने गरेको बताइन्छ । धर्मगुरु लिङ्देनले जसलाई मत दिनु भन्छन्, उनैले मत पाउने र जित्न सहज हुने गरेको बताइन्छ । हालै स्वतन्त्र उम्मेदवार मिलन लिम्बू मत माग्दै किरात धर्मगुरु लिङ्देनसँग तस्विर खिचेका छन् । धरानका मेयर हर्क साम्पाङ मिलनको पक्षमा खुलेका छन् । अर्का उम्मेदवार डकेन्द्रसिंह थेगिम त किरात धर्म तथा साहित्य उत्थान संघका नेतृत्व हुन् । उनले पनि मत लिङ्देनसँग मत मागिसकेका छन् ।

एमाले नेता सुवासचन्द्र नेम्बाङले पटकपटक चुनाव जित्नुमा धर्मगुरु लिङ्देनको हात महत्वपूर्ण हुने गरेको थियो । लिङ्देनसँग कांग्रेसका यसअघिका उम्मेदवार डम्बर खड्काले पनि लारुम्बा पुगेर मत मागेको बताएका थिए । गत साता बालुवाटारमा भएको संक्षिप्त कुराकानीका क्रममा एमाले उम्मेदवार भएका सुहाङ नेम्बाङले गुरुज्यूको आशीर्वाद पाउँछु भनेका थिए ।

उसो त २०७४ सालको चुनावको बेला एमाले अध्यक्ष केपी शर्मा ओली पनि लारुम्बा पुगेर किरात धर्मगुरु लिङ्देनसँग आशीर्वाद लिएका थिए । अन्य नेताहरू पनि उनीकहाँ पुग्ने गरेका छन् । यसले गर्दा लिङ्देन किरात धर्मगुरु मात्रै होइनन्, राजनीतिक शक्तिकेन्द्र जस्तै बनेका छन् । उनी यति शक्तिशाली छन् कि प्रदेशको नामसमेत प्रस्ताव गरेका थिए । प्रदेशको नाम 'किरात-सगरमाथा' हुनुपर्ने उनको मत थियो । तर, प्रदेशको नाम कोशी राखियो । यसले गर्दा किरात धर्म गुरु लिङ्देन एमाले अध्यक्ष ओलीसँग रुष्ट भएको बताइन्छ । ओलीसँग उनले भेट गर्न चाहेको तर तत्कालीन एमाले नेता सुवास नेम्बाङले भेटको लागि समय नमिलाइदिएको भन्दै असन्तुष्ट रहेको समाचारहरू नै सार्वजनिक भएको थियो । यसले गर्दा इलाम-२ मा आगामी १५ वैशाखमा हुने उपनिर्वाचनमा किरात धर्मगुरु लिङ्देनको भूमिका के हुन्छ ? त्यसले पनि अर्थ राख्ने विश्लेषण भइरहेको छ ।

# एसईईमा २ हजार ६४ परीक्षा केन्द्र

## ५,००,४,११४ नेपालबाट, २३ जना जापानबाट

**काठमाडौं (प्रस)**– आजदेखि माध्यमिक शिक्षा परीक्षा (एसइई)को परीक्षा शुरु भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले पहिलो दिन आज अंग्रेजी विषयको परीक्षा हुने जनाए । बिहान ८ बजेबाट ११ बजेसम्म सञ्चालन हुने परीक्षा चैत २७ गते सम्पन्न हुनेछ ।

परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । उनकाअनुसार कूल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ जना परीक्षार्थी प्राविधिक धारतर्फका छन् ।

परीक्षामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । परीक्षाका लागि कार्यालयले दुई हजार ६४ परीक्षा केन्द्र निर्धारण गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । उनका अनुसार सबैभन्दा कम मनाङ, मुस्ताङमा एक/एक र सबैभन्दा बढी काठमाडौंमा एक सय २७ परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

### जापानमा एक परीक्षा केन्द्र

यस वर्षको एसइई परीषमा जापानबाट २३ जना सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले बताए । उनका अनुसार जापानमा रहेको एभरेस्ट स्कूलमा एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिने भएका छन् । जापानको परीक्षा केन्द्रको जापानस्थित नेपाली दूतावासले परीक्षाको अनुगमन गर्ने भएको छ । जापानमा केन्द्र रहेको स्कूलको प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ । हुलाकमार्फतमा उत्तर पुस्तिका पठाइएको जापानमा परीक्षा सुरु हुनु अगाडि इमेलमार्फत प्रश्नपत्र पठाइने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

बोर्डका अनुसार एसइई परीक्षाका लागि प्रत्यक्षरूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन हुने भएका छन् । प्रति केन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ । देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ परीक्षा सहायक खटाइनेछ भने ५० परीक्षार्थी बराबर एक जनाका दरले १० हजार ८१ कार्यालय सहयोगी खटाइने भएको छ । प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिने छ । परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मीको संख्या थप हुन सक्ने पौडेलको भनाइ छ । उनका अनुसार सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले थप गर्न सक्नेछ ।

### पास हुन ३५ ल्याउनैपर्ने

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरेपनि कार्यान्वयनमा आउन सकेको थिएन । यसवर्षको परीक्षामा भने बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागू गरेको छ । विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहेकामा बोर्डले यसवर्ष पहिलो पटक निर्देशिका कार्यान्वयनमा ल्याएसँगै एसइई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनै पर्ने भएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अंक र प्रयोगात्मकमा ४० अंक ल्याउनै पर्ने बताउँदै एक सय पूर्णांक रहेको विषयमा ३५ र ७५ पूर्णांक रहेको विषयमा २७ अंक ल्याउनु पर्ने जानकारी दिए । परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अंक ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको बताए । उहाँका अनुसार ३५ अंक ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | मालबस्तुको विवरण | आकार /प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | CX250R | Motorcycle | CX | 250R | 249.6cc | CHINA | SET | 765000 |

**बिक्रेता फर्मको नाम: CXMOTO INDUSTRY PVT. LTD.** **PAN NO.: 609979039**
SIMPANI-8, MANHARI, MAKWANPUR **Phone No.: 014518789**

## Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: **RESTORAN JAYA AGD SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/१२/१४ | LT. No. 302601 | चलानी नं. ६०२१७२५४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Crew Restaurant | 12 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत २२ गते (4th Apr. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/१५ गते)

प्रती विश्वकर्माको छोरा रेवती माया कामीको पति सिन्धुपाल्चोक जिल्ला, सिपापोखरे गा.वि.स वडा नं ०८ (साविक: इन्द्रावती गाउँपालिका वडा नं. ०७, पोखरे) बस्ने प्रेम बहादुर विश्वकर्माको मिति २०७४/१०/१७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कुन्ताबेशी शाखामा रहेको बचत खाता नं.१५९००६५८१६०००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा राज कुमार तिरुवाले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय कुन्ताबेशीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुन्ताबेशी, काभ्रे फोन नं. ०११४१२०४४

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Raj Group Of Company Pvt.ltd.** इजाजत नम्वर: १२४५/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट हटाइएको सम्वन्धित सवैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसंग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्वन्धित सवैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र प्रा.लि.मा वा वैदेशिक रोजगार बिभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| स्मृती नेपाली | कागजात अधिकृत | धनगढी-१, कैलाली | ०७१०२०/२७५१ |
| राधिका श्रेष्ठ | रिसेप्शनिष्ट | शैलुङ-८, दोलखा | २२-०१-७५-०४०५६ |
| हिरालाल गदेल | जेनेरल म्यानेजर | निलकण्ठ-३, धादिङ | २६२१-३७७ |

RAJ GROUP OF COMPANIES
श्रम इजाजत नं.१२४५/०७४/०७५
**Raj Group Of Company Pvt**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-438650
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## सूचना

यस लजगाः बचत तथा ऋण सहकारी संस्थाको विशेष साधारण सभाको तयारीको लागि संचालक समितिको बैठक मिति २०८०/१२/१६ गते दिनको १:०० बजे स्टार फूडल्याण्ड बल्खूमा बस्ने भएको हुँदा सबै संचालकहरूको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

अध्यक्ष

## Kalika Municipality
### Office of Municipal Executive
Redcrossgram, Chitwan
Bagmati Province

## RE-INVITATION FOR BIDS

First date of publication: - 2080-10-28 (11th February, 2024)
Second date of publication: 2080-12-15 (28th March, 2024)

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan re-invites electronic bids from eligible bidders for construction mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (Nrs.) *Inclusive VAT and PS* | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 016/Works/NCB/KM/080/081 | Prithvi Ma. Vi. Tarfa Bata Buddhi Prasad Tiwari Ko Ghar Bato Kalopatrey sathai Basundhara padhya Ra Hirasinghako Ceemana dekhi Homebahadur ko gharsamma bato Uchhastharya, Kalika 7 | 120 days from the day of bid opening (must be valid up to 2081-05-10 (26th August, 2024) | 32,52,299.05 | 80,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2081-01-16 (28th April, 2024)**
**Bids Opening Date: At 13:00 PM on 2081-01-16 (28th April, 2024)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# कर्णालीमा एसइई दिने घटे

**सुर्खेत (प्रस)**– आजदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा कर्णाली प्रदेशबाट सहभागी हुने विद्यार्थीको संख्या अघिल्लो वर्षको तुलनामा घटेको छ । यस वर्ष ३५ हजार ८०८ जना विद्यार्थी एसइई परीक्षामा सहभागी हुने भएका छन् । गत वर्ष ३८ हजार ९७० जना विद्यार्थीले एसइई दिएका थिए । गत वर्षको तुलनामा यो वर्ष तीन हजार १६२ जनाले परीक्षार्थी संख्या घटेको हो ।

प्रदेश शिक्षा विकास निर्देशनालयका अनुसार यो वर्ष एसइईमा सहभागी हुने परीक्षार्थीमध्ये १७ हजार ६२३ छात्र र १८ हजार १५८ छात्रा छन् । परीक्षाका लागि प्रदेशभर १८६ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

जिल्लागत विवरणअनुसार सबैभन्दा धेरै सुर्खेतबाट आठ हजार ३४८ विद्यार्थीले एसइई दिँदै छन् । यहाँ ३३ वटा परीक्षा केन्द्र तोकिएको छ । रुकुम पश्चिममा २३ वटा परीक्षा केन्द्र छन् भने तीन हजार ५९३ परीक्षार्थी छन् ।

चार हजार ५८२ परीक्षार्थी रहेको सल्यानमा २५ वटा परीक्षा केन्द्र तोकिएको छ । हिमाली जिल्लामा विद्यार्थीको संख्या निकै न्यून रहेको छ । सबैभन्दा कम डोल्पामा जम्मा ७३३ विद्यार्थीले एसइई दिँदै छन् । यहाँ चारवटा मात्रै परीक्षा केन्द्र तोकिएको छ ।

जाजरकोटमा २२ परीक्षा केन्द्रमा चार हजार ६९४ परीक्षार्थी, दैलेखमा २५ परीक्षा केन्द्रमा पाँच हजार २५७ परीक्षार्थीले एसइई दिँदै छन् ।

हुम्लामा छवटा परीक्षा केन्द्र छन् । परीक्षार्थी एक हजार १९५ छन् । मुगुमा आठवटा परीक्षा केन्द्र र एक हजार ११३ परीक्षार्थी छन् । यस्तै, २४ वटा परीक्षा केन्द्र रहेको कालीकोटमा तीन हजार ७३६ परीक्षार्थी छन् ।

जुम्लामा दुई हजार ५५७ परीक्षार्थीका लागि १६ परीक्षा केन्द्र तोकिएको छ । शिक्षा विकास निर्देशनालयकी निमित्त निर्देशक दीपा हमालले कर्णालीमा एसइई परीक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिइन् ।

## पृष्ठ १ बाट क्रमशः

### दुर्गा प्रसाईंमाथि...

यस्ता खालका घटना बढे लामिछानेको राजीनामा माग्नुपर्ने दिन आउनसक्ने श्रेष्ठको चेतावनी थियो । 'अप्रिय घटना भयो भने नैतिकता छ कि छैन, राजीनामा दिनुपर्दैन भनेर सोध्नपर्ने अवस्था आउन सक्छ,' उनले भने ।

गृहसचिव अर्यालले हतियारको विषय गम्भीर भएको उल्लेख गर्दै यसमा अनुसन्धान जारी रहेको बताए । 'हतियारको विषय सिरियस हो । इस्यू र नवीकरण फरक ढंगमा भएको छ । त्यो हतियार आफ्नो कम्पाउन्डभन्दा बाहिर निकाल्न पाउँदैन,' अर्यालले भने ।

गृहमन्त्री लामिछानेले प्रसाईंले कानुनले दिएभन्दा बढी अधिकार प्रयोग गरेको बताए । 'कानुनले दिएभन्दा बढी अधिकार लिएको देखिन्छ । मालिक एकजना, चलाउने अर्को, बोक्ने अरु देखिएको छ,' लामिछानेले भने । बैठकमा रक्षामन्त्री हरि उप्रेतीसमेत उपस्थित थिए । रक्षमन्त्री उप्रेतीले भने आफू तयारीबिनै आएकोले सेनाका काम निरीक्षणपछि तयारीसहित जवाफ दिने बताएका थिए ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/१२/१५

यस कम्पनीको मिति २०८०/०९/२३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी **राईजिङ एजुकेशन प्रा.लि. (प्रा.लि. नं. १३८१२२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एकेडेमिक करियर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

**Bagmati Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Chautara, Sindhupalchok, Nepal**

### BID CANCELLATION NOTICE

**Date of Publication: 2080/12/15 (March 28, 2024)**

Pursuant to Public Procurement Act, 2063 (Amended) Section 26 Sub-section 3, this is to inform all that the electronically submitted bids through e-GP system of PPMO of the following bid published in "Nepal Samacharpatra Daily" on January 19, 2024 as per Public Procurement Act, 2063 (Amended) Section 26 Sub-section 1 clause (Ka).

| IFB No. | Contract |
|---|---|
| IDOSIN/NCB/W/42/2080-81 | Construction of Jhyanku Khola Pakki Bridge, Gaurishankar Ga.Pa., Dolakha Along Sitakothan Jubu Gaurishankar Gaupalika Road. |

**Senior Divisional Engineer**

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN HOUSE RESTAURANT WARUNG BU MARIAM**

पूर्व स्वीकृति मिति २०८०/१२/१३ | LT. No. 302600 | चलानी नं. ६०२१७४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1400 | ५१,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef or Cook | 1 | 0 | 1600 | ५८,७१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GOLDEN HOUSE GENERAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८०/१२/१३ | LT. No. 302594 | चलानी नं.६०२१७४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 1300 | ४७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 5 | 5 | 1400 | ५१,३७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **UNIQUE FIRE INDUSTRY SDN. BHD.**

पुर्व स्वीकृति मिति २०७९/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१४ | LT. No. 268968 | चलानी नं.६०१८४९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LIEN YEU GLASSTECH (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/११/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१४ | LT. No. 282168 | चलानी नं. ६०१९७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MISSION COMPLETION CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१४ | LT. No. 297975 | चलानी नं. ६०२१३११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

---

**Road Division**
**Mahendranagar, Kanchanpur**

### NOTICE FOR PRICE BID OPENING

Date of Publication: 2024 March 28 (2080/12/15)

Road Division, Mahendranagar hereby notifies the following listed contract and publish this notice to all concerned bidders regarding our Bid *Notice No 09-RDMNR/080/81 in* accordance with Rule 31 Sub rule *Ja(5)* of PPR 2064 that the evaluation of technical proposals for the Single stage double envelope contract is complete and the financial proposal of technically successful bidders listed below will be opened on 2024 Apr 04, 12:00 at Road Division Mahendranagar.

| Notice No | Contract No | Bidders Name |
|---|---|---|
| 09-RDMNR/080/81 | RDMNR/337310113/080/81-29 | GSI-Hatairaj JV, Lalitpur |

**Division Chief**

---

**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पथरैया मोहना सिंचाइ व्यवस्थापन कार्यालय**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।१२।१५

यस कार्यालयबाट मिति २०८०।११।२४ गते प्रकाशित सूचना अनुसार तपशिलका निर्माण व्यावसायीको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतमा प्रवाहग्राही भई स्विकृतिका लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृती सम्बन्धी ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स | ठेक्का न. | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक रु (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | PMIMO/NCB/WORKS/06/2080-081 | Anushka Construction, Tikapur-01, Kailali | 972617.95 |
| २ | PMIMO/NCB/WORKS/07/2080-081 | B. and P. Construction, Tikapur 1, Kailali | 1113153.4 |
| ३ | PMIMO/NCB/WORKS/08/2080-081 | Mahir Builders, Bardagoriya 06, Kailali | 1117180.82 |
| ४ | PMIMO/NCB/WORKS/09/2080-081 | Ammikshya Construction, Tikapur 01 Kailali | 1123110.6 |
| ५ | PMIMO/NCB/WORKS/10/2080-081 | Arnav Nirman Sewa, Kanchanpur | 1041544.3 |

**कार्यालय प्रमुख**

---

# शारदा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**खलंगा, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित सूचना मिति : २०८०/१२/१५ गते**

यस कार्यालय बाट मिति २०८०/१०/२३ गते आह्वान गरिएको बोलपत्र नं. SMO/NCB/W/06/2080/081 Construction of 2 No's Shutter Building at Shreenagar Buspark को सूचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा न्युनतम मूल्याङकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम निर्णय गरीएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरीएको ब्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | छनोट गरिएको बोलपत्रको विवरण | कबोल अंक (भ्याट र PS बाहेक) | कै |
|---|---|---|---|---|
| SMO/NCB/W/06/2080/081 | Panchakoshi-Chhatreswari J/V | Construction of 2 NoÚs Shutter Building at Shreenagar Buspark | Nrs, 12,901,206.35/– (One Crore Twenty– Nine Lakhs one Thousands Two Hundreds Six Rupees & Thirty-Five Paisa Only) | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुरक्षामा गृहको लापरवाही

**होलीको दिन ललितपुरको ढोलाहिटीमा दुई युवाको हत्या भयो । रेस्टुराँमा खानपिनको क्रममा भनाभनकै क्रममा दुई युवाको हत्या भएको विषय प्रहरीले उनीहरू अस्पताल पुगेर मृत घोषणापछिमात्र थाह पाए । विवादित व्यवसायी दुर्गा प्रसाईंले अर्धस्वचालित हतियार बोकेर आफ्नो अंगरक्षकसहित सर्वोच्च अदालत छिर्न खोजे । अदालत हतियार निषेधित क्षेत्र हो । तर सय राउन्ड गोलीसहित उनका अंगरक्षकलाई गृह प्रशासनले खुलमखुला हिंड्न दियो ।**

**हालै रसियाको मस्कोमा कन्सर्ट भइरहेको बेला बन्दुकधारीले अन्धधुन्दा गोली चलाउँदा १३० जना मानिसको अनाहकमा ज्यान गयो । नेपालमा पनि यसरी खुलमखुला प्रावधान विररित बन्दुक बोक्ने अधिकार दिएको देखिएको छ । गृहमन्त्रालयकै सचिव एकनारायण अर्यालका अनुसार प्रसाईंले लिएको बन्दुकको लाइसेन्समाथि नै शंका छ । गृहका अनुसार प्रसाईंको साथमा भएको बन्दुक उनको आफ्नो घरको कम्पाउन्डबाहिर लैजान पाउँदैन । सर्वोच्चसम्म ल्याउँदा पनि गृह प्रशासनले प्रसाईंमाथि कुनै कारबाही चलाउन सकेको छैन । कतिपयले सर्वोच्चको न्यायाधीश प्रभावित पार्नसमेत प्रसाईंले बन्दुक बोकेको आशंका गरिएको छ ।**

**यसरी अराजक पारामा बन्दुक बोकेर हिंड्न दिनु र यस्ता गतिविधिमा संलग्नलाई टुलुटुलु हेरेर बस्नु सुरक्षा संयन्त्रको लापरवाही हो । गृहमन्त्री रवि लामिछानेमाथि यस विषयमा गम्भीर रूपमा प्रश्न उठेको छ । तर लामिछानेले प्रसाईं भनै चर्चामा आउन सक्ने भन्दै प्रहरीलाई छुन दिएका छैनन् । आफूसँग कमान्डो सेना भएको धम्की दिने, नेताहरूलाई अनेकौ धम्की दिने र बैंकको ऋण तिर्न हुन्न भन्दै आन्दोलनकारी भड्काउने विवादित अभियन्तालाई कानुनअनुसार कारबाही गर्न सरकार डराएको देखिन्छ ।**

**'सत्यको मुख बन्द हुँदा झुटको थुतुनो चल्छ' भन्ने उखान यतिबेला मिल्न आएको देखिन्छ । अराजक अभियन्तालाई भिडको साथ त छँदैछ, सरकारको पनि साथ देखियो । यस्तै अराजक अभियान चलाउनेहरूको रजगज चल्दै जाँदा सुशासनको कल्पना गर्न सकिँदैन । यसैले राज्यले बेलैमा यस्तो विषयमा चाँडै नै निर्णय गर्न सक्नुपर्दछ । अर्को विषय राजधानीजस्तो स्थानमा सम्साँझै दुई युवाको हत्या भएको छ । जबकि गृहमन्त्रालयले रात्रिकालिन समयमा पनि राजधानीलाई खुल्लै राख्ने योजना बैशाखबाट अघि बढाउने तयारी गरेको छ ।**

